# सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण आयोजना

# दर्ता शिविर सञ्चालन सम्बन्धी अभिमुखिकरण कार्यक्रम-२०७७

## (जनप्रतिनिधी, स्थानीय CSO ,सेवा प्रदायकका लागि)

**मिति: २०७७।०९।२१ गते**

**स्थान: लिखु गाउँ कार्यपालिकाको सभाहल**

**समय: बिहान ११:१५ बजे देखि ४:०० बजे सम्म**

**आयोजक**

लिखु गाउँपालिका

सेवा ईकाइ पञ्जीकरण उप-शाखा

यसम, ओखलढुंगा

# दर्ता शिविर सञ्चालन सम्वन्धी अभिमुखिकरण कार्यक्रमको विषयसूची

- दर्ता शिविर सञ्चालनको उद्देश्य
- दर्ता शिविर सञ्चालन प्रकृया
- ईन्टरनेटको पहुँच नपुगेको स्थानीय तहमा दर्ता शिविर सञ्चालन गर्ने विधि
- ईन्टरनेटको पहुँच पुगेको स्थानमा दर्ता शिविर सञ्चालन गर्ने विधि
- दर्ता शिविर सम्वन्धी विशेष व्यवस्था
- दर्ता शिविर सञ्चालन सम्वन्धी पूर्व सूचना तथा सञ्चार
- जनशक्तिलाई तालिम

परिच्छेद – ५

# सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता कार्यक्रम सञ्चालन

## ५.१ दर्ता शिविर

छुटेका व्यक्तिगत घटना दर्ता गर्न, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न छुटेका योग्य लाभग्राहीलाई समेट्न र व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रममा लाभग्राहीको पहुँच बढाई नागरिकको नजिक पूर्ण रुपमा अनलाईनमा आधारित सेवा पुर्‍याउने उद्देश्यले यस आयोजनाले हरेक स्थानीय तहका प्रत्येक वडास्तरमा अभियानको रुपमा सञ्चालन गरिने कार्यक्रमलाई दर्ता शिविर भनिनेछ। यसरी सञ्चालन हुने दर्ता शिविर र तत् पश्चात हुने घटना दर्ता अनलाईनमा आधारित भई गर्नुपर्नेछ।

## ५.२ दर्ता शिविरको सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछः

(क) सामाजिक सुरक्षा कार्यक्रममा लाभग्राहीको पहुँच बढाउन र नेपाल सरकारको अन्तराष्ट्रिय प्रतिवद्धता अनुसार सन् २०२४ सम्म व्यक्तिगत घटना दर्ता शत प्रतिशत पुर्‍याउन देशभर वडास्तरमा अभियानको रुपमा दर्ता शिविर सञ्चालन गर्नुपर्नेछ।

(ख) दर्ता शिविर सञ्चालन गर्दा दोहोरो घटना दर्ता नहोस भन्ने उद्देश्यका लागि यस अघि भएका व्यक्तिगत घटना दर्ताका विवरणहरू डिजिटाइजेसन गर्नुपर्नेछ। यदि दर्ता शिविर सञ्चालन गर्ने अवधिसम्ममा डिजिटाइजेसन हुन नसकेमा विभागबाट पूर्व स्वीकृती लिई दर्ता शिविर सञ्चालन गर्नुपर्नेछ।

(ग) सूचना तथा सञ्चार अभियानमा निर्दिष्ट गरिएका श्रोत, साधन र माध्यमहरुको प्रयोग गरि शिविरको सञ्चालन गर्नु पूर्व जनस्तरसम्म दर्ता शिविर सम्वन्धी सूचना प्रवाह गर्नुपर्नेछ।

(ग) सूचना तथा सञ्चार अभियानमा निर्दिष्ट गरिएका श्रोत, साधन र माध्यमहरुको प्रयोग गरि शिविरको सञ्चालन गर्नु पूर्व जनस्तरसम्म दर्ता शिविर सम्वन्धी सूचना प्रवाह गर्नुपर्नेछ।

(घ) स्थानीय तहले शिविर सञ्चालनको लागि सेवा प्रदायक तथा अन्य सरोकारवाला निकायलाई आवश्यक तालिम तथा अन्तरकृया सञ्चालन गर्नुपर्नेछ।

(ङ) प्रत्येक वडाको सबै क्षेत्रलाई समेट्ने गरी सेवाग्राहीलाई पायक पर्ने गरि आवश्यकता अनुसार कम्तीमा तीनवटा फरक-फरक स्थानमा दर्ता शिविर सञ्चालन गर्नुपर्नेछ। यसरी दर्ता शिविर सञ्चालन गर्दा प्रत्येक वडामा जनसंख्या र भूगोललाई आधार मानि बढिमा १२ दिनसम्मको दर्ता शिविर सञ्चालन गरिनेछ।

(च) दर्ता शिविरको स्थान तय गर्दा सेवाग्राहीको अधिक सहभागिता हुने सार्वजनिक स्थलहरु जस्तैः विद्यालय, सामुदायिक भवन, आदिलाई प्राथमिकता दिनुपर्नेछ।

(छ) इन्टरनेट पहुँच पुग्नसक्ने दर्ता शिविर स्थल र इन्टरनेट पहुँच पुग्न नसक्ने दर्ता शिविर स्थलमा फरक फरक तरिकाले दर्ता शिविर सञ्चालन गर्न सक्नेछन्।

(ज) शिविर सञ्चालनार्थ आवश्यक जनशक्ति पुर्वाधार तथा शिविरमा हुने कृयाकलापहरुको कार्यक्षेत्रगत शर्त र बोलपत्र सम्बन्धी कागजातको नमुना  विभागले उपलब्ध गराउनेछ। यसरी दर्ता शिविर सञ्चालन गर्न स्थानीय तहले प्रचलित खरिद विधि अपनाई सेवा प्रदायक छनौट गर्नुपर्नेछ।

(झ) दर्ता शिविर सञ्चालन गर्नको लागि स्थानीय तहले शिविर अवधिभरको लागि प्रति शिविर चार जना रहनेगरी जनशक्ति र आवश्यक सामग्री तथा उपकरणहरु सेवा प्रदायक मार्फत व्यवस्था गर्नुपर्नेछ। साथै सूचना फाराम प्रविष्टि तथा प्रमाणपत्र छाप्न सेवा इकाईमा कार्यरत एम.आई.एस. अपरेटरको कार्यभार अनुसार थप अपरेटरको व्यवस्था गरी गर्न सकिनेछ।

(ञ) प्रत्येक शिविरमा स्थानीय तहले वडा सचिव (स्थानीय पञ्जिकाधीकारी) शिविरको सञ्चालन, प्रमाणिकरण, गुनासो सुनुवाई गर्नका लागि अनिवार्य खटाउनु पर्नेछ। अनुगमन तथा निरीक्षणको लागि स्थानीय तह्ले अन्य कर्मचारी तथा जनप्रतिनिधीलाई समेत परिचालन गर्न सक्नेछ।

(ट) दर्ता शिविर सञ्चालनको सम्पूर्ण जिम्मेवारी स्थानीय तहको हुनेछ।

## ५.३ इन्टरनेटको पहुँच नपुगेका स्थानीय तहमा दर्ता शिविर सञ्चालन गर्ने विधिः

(क) शिविर सञ्चालन गर्दा घटना दर्ताका सूचना फाराम तथा गुनासो दर्ता फाराम, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने निवेदनको ढाँचा स्थानीय तहले सेवाग्राहीलाई निःशुल्क उपलब्ध गराउने व्यवस्था गर्नुपर्नेछ।

(ख) शिविर सञ्चालन गर्दा यस अघि घटेका घटना दर्ताका विवरणहरुको व्यक्तिगत सूची प्रिन्ट गरि शिविर स्थलमा लैजानुपर्नेछ।

(ग) दर्ता शिविरमा कम्तिमा तीन वटा डेस्कको व्यवस्था गर्नुपर्नेछ जस्तैः

**डेस्क १:** सोधपुछ तथा रितपूर्वक निवेदन (आवश्यक कागजपत्र) भए नभएको जाँच गर्ने।

**डेस्क २:** घटना दर्ता तथा सामाजिक सुरक्षाको सूचना फाराम तथा दर्ता फाराम भरि सेवाग्राहीलाई सोको निस्सा उपलब्ध गराउने।

**डेस्क ३:** दर्ता भएका विवरणहरुको तेरिज तयार गर्ने, कागजपत्र फाइलिङ्ग गर्ने र गुनासो दर्ता गर्ने। (नोटः डेस्कमा रहने कर्मचारीको योग्यता न्यूनतम प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको हुनुपर्नेछ)।

(घ) यसरी डेस्क सञ्चालन गर्दा प्रिन्ट गरेर लगेका विवरणसँग निवेदकको विवरण भिडाई पहिला दर्ता नभएको भए प्रकृया अघि बढाउने।

(ङ) निवेदन संकलन र रुजु गरेपछि सेवाग्राहीलाई निस्सा प्रदान गर्नुपर्नेछ।

(च) यसरी दिनभरि दर्ता भएका व्यक्तिगत घटना दर्ताका सूचना फाराम तथा सामाजिक सुरक्षा भत्ताको दर्ता तथा नविकरणको निवेदन सोहि दिन वा अर्को दिनसम्ममा सेवा इकाइमा सेवा प्रदायक मार्फत पुर्‍याउनु पर्नेछ।

(छ) शिविरबाट प्राप्त सूचना फाराम तथा निवेदन सेवा केन्द्रमा ल्याई व्यस्थापन सूचना प्रणालीमा प्रविष्ट गरि सूचना फाराम तथा प्रमाणपत्र प्रिन्ट गर्नुपर्नेछ। यसरी व्यस्थापन सूचना प्रणालीमामा प्रविष्टि गरि सूचना फाराम तथा प्रमाणपत्र प्रिन्ट गर्ने कार्य सेवा इकाईमा कार्यरत एम.आई.एस. अपरेटरको हुनेछ भने कार्यभार अनुसार थप अपरेटरको व्यवस्था गरी गर्न सकिनेछ।

(ज) यसरी प्रिन्ट भएका सूचना फाराम, प्रमाणपत्र र सामाजिक सुरक्षा परिचयपत्र फिल्ड सहायक मार्फत वडा कार्यलयमा पुर्‍याउनुपर्नेछ।

(झ) दर्ता शिविरमार्फत संकलन भएका घटना दर्ताका निवेदकले वडा कार्यालयबाट बढीमा एक हप्तामा प्रमाणपत्र प्राप्त गर्ने सुनिश्चितता गर्नुपर्नेछ।

**५.४ ईन्टरनेट पहुँच पुगेका स्थलहरुमा दर्ता शिविर सञ्चालन गर्ने विधिः**

(क) स्थानीय तहले शिविर सञ्चालनको लागि आवश्यक ल्यापटप, प्रिन्टर र इन्टरनेट कनेक्टिभिटिको व्यवस्था गर्नुपर्नेछ।

(ख) शिविर सञ्चालन गर्दा घटना दर्ताका सूचना फारमहरु अनलाइन मार्फत सेवाग्राही स्वयमले भरी टोकन नं. लिएर आउन सक्नेछन्। सेवाग्राहीले अनलाईन मार्फत सूचना फाराम भर्न नसकेमा दर्ता शिविरमा

अनलाईन मार्फत निशुल्क घटना दर्ताका सूचना फाराम भरिदिने व्यवस्था मिलाउनु पर्नेछ।

(ग) शिविर सञ्चालन गर्दा यस अघि भएका घटना दर्ताका डिजिटाईजेशन पश्चातका विवरणहरु, अनलाईन प्रणालीबाट प्राप्त घटना दर्ताका विवरणहरु पहिले घटना दर्ता भए नभएको सुनिश्चित गर्नको लागि प्रयोग गर्नुपर्नेछ।

(घ) दर्ता शिविरमा कम्तिमा तीन वटा डेस्कको व्यवस्था गर्नुपर्नेछ जस्तैः

**डेस्क १ः सोधपुछ तथा कागजपत्र जाँचगर्ने**

**डेस्क २ः घटना दर्ताका सूचना फाराम, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको निवेदन फाराम व्यवस्थापन सूचना प्रणालीमा इन्ट्रि गरी निस्सा प्रदान गर्ने र पञ्जिकाधीकारी उपस्थीत भएको खण्डमा प्रमाणपत्र तथा सामाजिक सुरक्षा परिचयपत्र जारी गर्ने।**

**डेस्क ३ः दर्ता भएका विवरणहरुको तेरिज तयार गर्ने, कागजपत्र फाइलिङ्ग गर्ने र गुनासो दर्ता गर्ने।**

(नोटः डेस्कमा रहने कर्मचारीको योग्यता न्यूनतम प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको हुनुपर्नेछ)

(ङ) यसरी दिनभरि दर्ता भएका व्यक्तिगत घटना दर्ताका सूचना फाराम तथा सामाजिक सुरक्षा भत्ताको दर्ता तथा नविकरणको निवेदन सोहि दिन वा अर्को दिनसम्ममा सेवा इकाईमा सेवा प्रदायक मार्फत पुर्‍याउनु पर्नेछ।

(च) सवै वडा कार्यालयहरुमा अनलाईन मार्फत घटना दर्ता हुँदै आएको भएमा एम. आई. एस. अपरेटर तथा फिल्ड सहायकलाई शिविर सञ्चालन गर्नको लागि परिचालन गर्नुपर्नेछ।

## ५.५ दर्ता शिविर सम्बन्धी विशेष व्यवस्थाः

(क) माथि जे जस्तो उल्लेख भएता पनि स्थानीय तहले अत्याधिक जनघनत्व भएका स्थानहरूमा आवश्यक पुर्वाधारको व्यवस्थापन गरी विवरण संकलन, प्रविष्टि तथा प्रमाणपत्र वितरणको एकमुष्ट सेवा प्रदान गर्ने गरी घुम्ति शिविर सञ्चालन गर्न सकिनेछ।

(ख) यसरी दर्ता शिविर सञ्चालन गर्दा स्थानीय तहले इन्टरनेट, विवरण इन्ट्रि गर्ने ल्यापटप/कम्प्युटर, प्रिन्टर, फोटोकपि, मेसिन, पावर व्यकअप, सवारी साधन, आवश्यक जनशक्ति तथा पुर्वाधार लगायतका व्यवस्था गर्नुपर्नेछ।

(ग) अत्याधिक जनसंख्या भएका स्थानीय तह जस्तैः काठमाण्डौ महानगरपालिका, पोखरा महानगरपालिका, ललितपुर महानगरपालिका, भरतपुर महानगरपालिका, वीरगञ्ज महानगरपालिका, विराटनगर महानगरपालिका, जनकपुरधाम उपमहानगरपालिका, घोराही उपमहानगरपालिका, हेटौंडा उपमहानगरपालिका, धनगढी उपमहानगरपालिका, तुल्सीपुर उपमहानगरपालिका, ईटहरी उपमहानगरपालिका, नेपालगञ्ज उपमहानगरपालिका, बुटवल उपमहानगरपालिका, धरान उपमहानगरपालिका, कलैया उपमहानगरपालिका, जितपुर-सिमरा उपमहानगरपालिका, मेचीनगर नगरपालिका, बुढानिलकण्ठ नगरपालिका, गोकर्णेश्वर नगरपालिका, भिमदत्त नगरपालिका, वीरेन्द्रनगर नगरपालिका, तिलोत्तमा नगरपालिका, टोखा नगरपालिका, लहान नगरपालिका, त्रियुगा नगरपालिका, चन्द्रागिरी नगरपालिका, मध्यपुर थिमी नगरपालिका, बिर्तामोड नगरपालिका, सिरहा नगरपालिका, भक्तपुर नगरपालिका, तारकेश्वर नगरपालिका, सुन्दरहरैंचा नगरपालिका, सूर्यविनायक नगरपालिका, गोदावरी नगरपालिका, गोदावरी नगरपालिका, बराहक्षेत्र नगरपालिका, कपिलवस्तु नगरपालिका र टिकापुर नगरपालिका भित्रका क्षेत्रहरूमा विशेष दर्ता शिविर सञ्चालन गर्न सक्नेछन्।

(घ) विशेष घटना दर्ता शिविर सञ्चालन गर्दा अधिकतम नागरिकको सहभागिता हुने दिनहरू जस्तै सार्वजनिक बिदा, चाडपर्व, मेला, आदिको समयमा प्राथमिकता दिई गर्न सकिनेछ।

## ५.६ दर्ता शिविरबारे पूर्व सूचना सञ्चार

(क) स्थानीय तहले दर्ता शिविरबारे नागरिकको पँहुच अभिबृद्धि गर्न स्थानीयस्तरमा क्रियाशील सरकारी, गैरसरकारी तथा सामुदायिक संघ/संस्था तथा सञ्जालको सहयोग लिई गर्न सक्नेछन्।

(ख) दर्ता शिविरको लागि केन्द्रदेखि सेवा इकाई हुँदै वडासम्म सूचना, सञ्चार तथा पँहुच अभियान अन्तर्गत विविध गतिविधिहरु सञ्चालन गर्न सकिनेछ।

(ग) स्थानीय तहमा क्रियाशील सरकारी, गैरसरकारी तथा सामुदायिक संघसंस्था तथा सञ्जालको लागि आवश्यक अभिमुखिकरण गर्ने कार्य सेवा इकाईको कर्मचारीको सहयोगमा स्थानीय तहले गर्न सक्नेछन्।

(घ) स्थानीयस्तरमा दर्ता शिविरको पहुँच बढाउन सेवा प्रदायकको आवश्यकता परेमा स्थानीय तहले प्रचलित खरिद नियम अनुसार गर्न सक्नेछ।

(ङ) दर्ता शिविरबारे सञ्चार तथा प्रसार सामाग्री बिकास गर्न बिभागले सेवा प्रदायको छनौट गरि सूचना सामग्री अन्तर्गत ब्रोसर, पम्पलेट, पोस्टर तथा टिभि बिज्ञापन आदि तयार गर्नेछ।

## ५.७ जनशक्तिलाई तालिम

(क) दर्ता शिविरमा खटिने कर्मचारीलाई शिविर सञ्चालनमा गरीने व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धी तालिम स्थानीय तहले प्रदान गर्नेछ।

(ख) स्थानीय तह तथा सेवा इकाईका कर्मचारीलाई विभागले तालिम प्रदान गर्नेछ।

(ग) दर्ता शिविर सञ्चालन गर्दा सेवाग्राहीको पूर्व पहिचान गरी लक्षीत बर्गसम्म पहुँच बिस्तार गर्ने योजना स्थानीय तहले बनाउनु पर्नेछ।

(घ) दर्ता शिविरको अनुगमन तथा मुल्याङ्कन स्थानीय तहले गर्नेछन्।

(ङ) दर्ता शिविरमा संकलन भएका सूचना फाराम र कागजपत्र रुजु गरी प्रमाणपत्र जारि गर्ने तथा दैनिक शिविरको अनुगमन तथा मुल्याङ्कन गर्ने कार्य वडा सचिवको हुनेछ।

# धन्यवाद।